# मिति २०८३ साल वैशाख ०४ गतेको सोह्रौं कार्यपालिका बैठकको निर्णयहरु

प्रस्तावहरु :

१.समवेदना सम्वन्धमा।

२. समिक्षा सम्वन्धमा ।

३. प्रदेश समपुरक तथा विशेष योजना सम्वन्धमा ।

४. योजना फरफारक सम्वन्धमा ।

५. विविध/समसामयिक सम्वन्धमा।

निर्णयहरु :

निर्णय नं. १. प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०८३।०१।०१ गतेका दिन यस बगनासकाली गाउँपालिका वडा नं. ७ दैलातुङ्ग स्थित कालिगण्डकी नदीमा नयाँ वर्ष मनाउन गएको बेला पौडी खेल्ने क्रममा बगनासकाली- ९ चापपानी झिरभन्ज्याङ्ग निवासी श्री चन्द्र माध्यमिक विद्यालयका शिक्षक २९ वर्षीय तोयानाथ वस्याल (मदन) र सोही ठाउँ निवासी ३९ वर्षीय शरण भुसालको वेपत्ता भई खोजी कार्य गर्दा दुवै जनाको शव प्राप्त भएको खबरले अत्यन्तै दुःखी बनाएको छ।यस दुर्घटनामा परी दिवङ्गत हुनुभएका दुवैजनाको आत्माको चिर शान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं।साथै शोक सन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं।

निर्णय नं. २. मिति २०८२/१२/२० गतेको कार्यपालिका वैठकमा भएका तपसिलका निर्णयहरुको समीक्षात्मक छलफल गरियो ।

तपसिल

१. करदाता सेवा कार्यालयहरुवाट प्रवाह हुँदै आएका सेवाहरु स्थानीय तहहरुवाट प्रवाह गर्ने सम्वन्धी कार्य संचालन कार्यविधि २०८२ बमोजिमका कार्य यस गाउँपालिकामा सुरु गर्न प्रक्रिया आगाडी वढाइयो ।

२. आ.व. २०८२/०८३ का लागि विनियोजित योजनाहरु मध्ये कार्य सम्पन्न भई खर्च अनुमोदन तथा भुक्तानीका लागि पेश भएका आयोजना तथा कार्यक्रमहरुको भुक्तानी गरियो ।

३. विद्यालय मर्मत तथा टिनको छाना राख्नका लागि लुम्बिनी प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयको विनियोजित बजेटमा कामकाज गर्न सम्वन्धित विद्यालयले सुरक्षा र संचालन गर्ने तथा निर्मित सम्पतिको संरक्षण यस गाउँपालिकाको हुने प्रतिवद्धता व्यक्त गर्दै स्थायी लेखा नम्बर र कि.नं. उल्लेख गरी सामाजिक विकास डिभिजन कार्यालय तानसेनमा सिफारिस गरियो ।

निर्णय नं. ३. लुम्बिनी प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयमा आ.व. २०८३।०८४ का लागि समपूरक अनुदानतर्फका आयोजना तथा कार्यक्रमहरुको प्रस्ताव पेश गर्ने साथै लुम्बिनी प्रदेश योजना आयोगमा प्रदेश विशेष अनुदानतर्फका योजना/कार्यक्रम प्रस्ताव पेश गर्ने निर्णय गरियो।

निर्णय नं. ४.

आ.व.२०८२/०८३ का लागि पालिकाबाट विनियोजित योजनाहरु मध्ये प्राविधिक मुल्यांकन सम्पन्न गरी भुक्तानीका लागि पेश भएका २१ वटा आयोजना तथा कार्यक्रमहरुको भुक्तानी गर्न सिफारिस गरियो ।